# औरही नगरपालिकाको आर्थिक ऐन, २०७५

प्रस्तवना : औरही नगरपालिकाको आर्थिक बर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम नगरसभाले यो ऐन बनाएको छ ।

१) **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"औरही नगरपालिकाको आर्थिक ऐन, २०७५"** रहेको छ ।

२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखी अैरही नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

३) **सम्पती कर :** नगरपालिकाको क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पती कर/घरजग्गा कर लगाईने र असुल उपर गरिनेछ ।

४) **भुमि कर (मालपोत):** औरही नगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भुमि कर (मालपोत) लगाईने र असुल उपर गरिनेछ ।

५) **घर वहाल कर :** औरही नगरिपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा, वा पोखरी पुरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाईने र असुल गरिनेछ ।

६) **व्यवसाय कर :** औरही नगरपालिका क्षेत्रभित्र व्यपार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ ।

७) **जडिबुटी, कवाडी र जीवजन्तु कर :** औरही नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकको अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिंङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत कर लगाईने र असुल उपर गरिनेछ ।

८) **सवारी साधन कर :** औरही नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजम सवारी साधन कर लगाईने र असुल उपर गरनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९) **विज्ञापन कर :** औरही नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०) **मनोरन्जन कर :** औरही नगरपालिकाको क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

११) **बहाल बिटौरी शुल्क :** औरही नगरपालिका क्षेत्रभित्र आफुले निर्माण , रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा सोही सुचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१२) **पार्किङ शुल्क :** औरही नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलव्ध गराए वापत अनुसूचि (८) बमोजिम पार्किङ शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१३) **ट्रेकिङ्ग, कोयोकिड, क्यानोईङ्ग बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याप्टीङ्ग शुल्क :** औरही नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिड, क्यानोईङ्ग बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍यापटीङ्ग सेवा व्यवसाय संचालन गरेवापत हाललाई न्युन्तम नघट्ने दर गरी उचित किसिमले शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१४) **सेवा शुल्क, दस्तुर :** औरही नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (९) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राही वाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१५) **पर्यटन शुल्क :** प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१६) **कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थालाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

१७) **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि औरही नगरपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसुचि १
## सम्पती कर

स्थानीय सरकार संचालन ऐन, २०७४ को शंसोधन बमोजिम हुने ।

## अनुसुचि २
## भुमिकर (मालपोत)

| क्र.सं. | विवरण | बार्षिक रु. |
|---|---|---|
| १ | घडेरी योग्य जमिन ग्रामिणमा प्रति धुरको<br>घडेरी गोग्य जमिन बजारमा प्रति धुरको | २<br>५ |
| २ | खेतीयोग्य जमिन प्रति कठ्ठा | ४ |

## अनुसुचि ३
## घरवहाल कर

आफ्नो क्षेत्र भित्रको घर, ग्यारेज, गोदाम, टहरा, सेड कारखाना जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा वहालमा दिएको सम्बन्धित धनीवाट वहाल रकमो १० प्रतिशत घर वहालकर लिने ।

## अनुसुचि ४
## व्यवसाय कर

व्यवसाय कर निम्न अनुसार लिइनेछ ।

| सि.नं. | विवरण | श्रेणी वर्गिकरण | | |
|---|---|---|---|---|
| | | क (रु) | ख (रु) | ग (रु) |
| १ | होटेल, लज, रेष्टुरेन्ट<br>• लज तथा खाना भएको होटेललाई (क)<br>• लज मात्र भएको लजलाई (ख)<br>• साधारण खाना, नास्ता, लज भएकोलाई (ख)<br>• चिया र खाजा पसल (ग)<br>• खाना, खाजा पसल (मदिरा सहित ) (ख) | २००० | १००० | ५०० |
| २ | मासु पसल | १५०० | | |
| ३ | मदिरा पसल<br>• इजाजत प्राप्त थोक मदिरा पसललाई (क) | १५०० | १००० | |

| | | | | |
|---|---|---|---|---|
| | • ईजाजत प्राप्त खुद्रा मदिरा पसललाई (ख) | | | |
| ४ | सुन चाँदी गहना पसल | २५०० | | |
| ५ | रेडियो , मोवाईल विक्री तथा मर्मत | १५०० | | |
| ६ | संचार सेवा<br>• एफ.एम. प्रसारण (क)<br>• केबुल च्यानल प्रसारण (क)<br>• पत्र पत्रिका प्रकाशन , फोटोकपी पि.सि.ओ.तथा साईबर संचालन (ख) | २००० | १००० | |
| ७ | घडि विक्री तथा मर्मत | २०० | | |
| ८ | केवल टि.भि. सेवा | २००० | | |
| ९ | फोटो स्टुडियो<br>• कलर ल्यावलाई (क्<br>• फोटो स्टुडियोलाई (ख) | १५०० | १००० | |
| १० | हजाम | ४०० | | |
| ११ | टेलरिङ्ग | ४०० | | |
| १२ | जुत्ता पसल<br>• जुत्ता सिलाई र बेच्नेलाई (क) | १००० | | |
| १३ | मोटर वर्कशप<br>• गाडीको वडी वनाउने तथा मर्मत गर्ने (क)<br>• सम्पुर्ण सवारी साधन मर्मत र पार्टस बेच्नेलाई (क)<br>• सम्पुर्ण सवारी साधन मर्मत गर्नेलाई (ख)<br>• गाडी मर्मत मात्र गर्नेलाई (ग)<br>• मोटरसाईकल मर्मत मात्र गर्नेलाई (ग) | २००० | १२०० | ७०० |
| १४ | छापाखाना<br>• अपसेट प्रेसलाई (क)<br>• साधारण प्रेसलाई (ख) | २००० | १००० | |
| १५ | स्वास्थ्य सेवा<br>• निजि अस्पताललाई (क)<br>• पोली क्लिनिकलाई (ख)<br>• थोक मेडिकलाई (क)<br>• मेडिकललाई (ग) | २००० | १५०० | १००० |
| १६ | मेटल वर्कशप | १००० | | |
| १७ | काष्ठ वर्कशप<br>• काठ चिरानी मेशिन सहित काठहरुको विभिन्न फर्निचर र अरु काठहरुको झ्यालढोका आदी बनाउने लाई (क) | २००० | | |
| १८ | इटाद्धभट्टा (प्रति हजारमा बेच्दा)<br>• इटाभट्टालाई (क) | २५० | २५ | |

| | | | | |
|---|---|---|---|---|
| | • ईटा डिपोलाई (ख) | | | |
| १९ | कम्प्युटर इन्स्टिच्युट | १००० | | |
| २० | दाउरा डिपो | ८०० | | |
| २१ | पान पसल | ३०० | | |
| २२ | बेकरी उद्योग र बेकरी पसल<br>• उद्योगलाई (क)<br>• पसललाई (ख) | १००० | ८०० | |
| २३ | तरकारी फलफुल पसल | २५० | | |
| २४ | एग्रोभेट | १००० | | |
| २५ | मिलहरु<br>• १० हर्ज पावर भन्दा माथिको क्षमताको मिललाई (क)<br>• सो भन्दा कम हर्ज पावर क्षमताको मिललाई (ख) | १००० | ६०० | |
| २६ | डिलर | २००० | | |
| २७ | मिलहरु<br>• १० हर्ज पावर भन्दा माथिको क्षमताको मिललाई (क)<br>• सो भन्दा कम हर्ज पावर क्षमताको मिललाई (ख) | १००० | ६०० | |
| २८ | डिलर | २००० | | |
| २९ | साईकल भाडा तथा मर्मत | १०० | | |
| ३० | ठेकेदार<br>• नेपाल सरकारको इजाजत प्राप्त क वर्गको ठेकदारलाई (क)<br>• नेपाल सरकारको ईजाजत प्राप्त ख वर्गको ठेकेदारलाई ( ख)<br>• नेपाल सरकारको ईजाजत प्राप्त ग वर्गको ठेकेदार लाई (ग)<br>• नेपाल सरकारको ईजाजत प्राप्त घ वर्गको ठेकेदारलाई रु. २०००।- | ५००० | ३००० | २५०० |
| ३१ | कपडा, फेन्सी पसल | १५०० | | |
| ३२ | खाद्य तथा किराना पसल<br>• थोक बिक्रेता खाद्य तथा किराना पसलाई (क)<br>• मझौला खाद्य तथा किराना पसल (ख)<br>• साना खाद्य किराना पसल (ग) | १५०० | १००० | ५०० |
| ३३ | भाडा पसल<br>• धातु तथा प्लाष्टिक भाडा तथा सामान बेच्ने लाई (क) | १००० | | |
| ३४ | कस्मेटीक पसल<br>• थोक सहितको पसललाई (क)<br>• पच्चास हजार भन्दा बढी लगानी भएको पसललाई (ख) | ५०० | ३०० | १०० |

| | | | | |
|---|---|---|---|---|
| | • सो भन्दा कम लगानी गर्ने पसललाई (ग) | | | |
| ३५ | कृषि तथा पशुपंक्षी पालन व्यवसाय | ६०० | | |
| ३६ | दन्त क्लिनिक | १००० | | |
| ३७ | हार्डवेयर पसल | २००० | | |
| ३८ | ईलेक्ट्रिकल पसल | १५०० | | |
| ३९ | कानूनी फर्म | १००० | | |
| ४० | साईन वोर्ड पेन्टिङ व्यवसाय | ५०० | | |
| ४१ | स्टेशनरी पसल<br>• खेलकुदका सामाग्री सहित भएकोलाई (क)<br>• स्टेशनरी मात्र भएकोलाई (ख) | ५०० | ३०० | |
| ४२ | जडीवूटी खरिद विक्री पसल | १५०० | | |
| ४३ | लेखापरीक्षक फर्म संचालन | १५०० | | |
| ४४ | टेलिभिजन पसल | १००० | | |
| ४५ | अन्य उद्योग<br>• २० लाख भन्दा बढी लगानी भएकोलाई (क)<br>• एक लाख पचास हजार देखि २० लाख सम्म लगानी भएकोलाई (ख)<br>• एक लाख पचास हजार भन्दा कम लगानी भएकोलाई (ग) | ५००० | २००० | १२०० |
| ४६ | विज्ञापन सेवा वा एजेन्ट | ५०० | | |
| ४७ | पशु वधुशाला | १५०० | | |
| ४८ | गैरसरकारी संस्था<br>• अन्तराष्ट्रिय गैरसरकारी संस्था (शाखा कार्यालय समेत) (क)<br>• राष्ट्रिय गैरसरकारी संस्था वा कार्यालय (ख) | ५००० | २००० | |
| ४९ | वित्तिय सेवा<br>• नेपाल सरकारको पूर्ण स्वामित्व रहेको वाहेक आर्थिक कारोवार गर्ने वाणिज्य बैंक (क)<br>• वित्तिय संस्थाको शाखा कार्यालय (क)<br>• आइ.एम.इ. सेवा संचालन (क)<br>• ऋृण तथा बचत सहकारी संस्था (ख) | ५००० | १००० | |
| ५० | निजी स्कूल<br>• १० कक्षा सम्म (क)<br>• ५ कक्षा सम्म (ख)<br>• ३ कक्षा सम्म (ग) | ५००० | २००० | १००० |
| ५१ | सिनेमा हल<br>• सिनेमा हललाई (क) | २००० | १००० | |

| | | | | |
|---|---|---|---|---|
| | • भिडियो हललाई (ख) | | | |
| ५२ | चस्मा पसल | ५०० | | |
| ५३ | शिलाई मेशिन विक्री तथा मर्मत गर्ने पसल | ५०० | | |
| ५४ | रेफ्रिजेरेटर मर्मत | ५०० | | |
| ५५ | दूग्घ डिपो पसल | ५०० | | |
| ५६ | व्यूटि पार्लर र ड्राइ क्लिनर्स | १००० | | |
| ५७ | सप्लायर्स | १५०० | | |
| ५८ | टेलिफोन टावर राखि संचार सेवा उपलब्ध गराउने संस्थालाई | ५००० | | |
| ५९ | जग्गा विकास, हाउजिंङ | ५००० | | |
| ६० | म्यानपावर सेवा | १५०० | | |
| ६१ | क्याटेरिङ सेवा | १००० | | |
| ६२ | बिशेषज्ञ, परामर्श तथा अन्य व्यवसायी सेवा | १५०० | | |
| ६३ | मार्वल टायर पसल | २००० | | |
| ६४ | सवारी साधनको शोरुम<br>• गाडीको शोरुम (क)<br>• मोटरसाईकलको शोरुम (ख)<br>• ट्रयाक्टर तथा अन्य मेशिनरीको शोरुम (ग) | ५००० | ३००० | २००० |
| ६५ | माथि उल्लेख भएको वाहेक अन्य व्यवशाय, सेवा आदीह रुमा स्थानीय सरकार संचालन ऐन, बमोजिम गर्ने । | | | |
| ६६ | ग्रील उद्योग | ३००० | | |
| ६७ | घरेलु कुटिर उद्योग | १००० | | |
| ६८ | सिरक डसना बनाउने उद्योग | १००० | | |
| ६९ | उपहार तथा खेलौना पसल | ५०० | | |
| ७० | निजी कलेज | ५००० | | |
| ७१ | वनजन्य उद्योग स मिल | ५००० | | |
| ७२ | मिनरल वाटर उद्योग | २००० | | |
| ७३ | हाटबजार कर वार्षिक ठेक्का (बढीबढाउमा ठेक्का लगाउने) | | | |
| ७४ | ग्यास डिपो | १००० | | |
| ७५ | कोल्डस्टोर (शितभण्डार) | १००० | | |

नोट :- १. यसमा डिलर, एजेन्ट, डिपो, सव डिलर आदी वाहेक अन्य पसल, उद्योग, व्यवशायको हकमा कसैले एउटै पसलमा धेरै आईटम राखि पसल वा व्यवशाय गरेको छ भने सबै आईटम मध्ये कुनै एकको मात्र कर लिने छ तर यसमा सबै आईटम मध्ये जुन आईटमको कर रकम बढी छ सोहीलाई कायम गरी कर असुल गरिनेछ ।

२. म्याद भित्र नबुझाउने कुनै पनि करदाताहरुबाट बुझाउनु पर्ने सम्पूर्ण व्यवसाय कर र प्रतिवर्ष १० प्रतिशतका दरले जरिवाना सहित व्यवसाय कर असुल गरिनेछ ।

## अनुसुचि ५
## सवारी साधन कर

क) वार्षिक सवारीकर निम्न अनुसार लिने ।

| सि.नं. | विवरण | वार्षिक रु. |
|---|---|---|
| १ | बस, ट्रक, डोजर, जे.सि.बि. र अन्य हेभी सवारीमा | ४००० |
| २ | पिकअप, मिनिबस, मिनिट्रक भ्यान, कार, जीप, आदिमा | ३००० |
| ३ | ट्रयाक्टर | २००० |
| ४ | मोटरसाईकल, स्कुटर | १०० |

नोट :- माथि जे सुकै भनिएता पनि सवारी साधनमा दोहोरो कर हुने गरी कर लगाइने छैन ।

क) यस नगरपालिकामा प्रवेशका लागि बाटो निर्माण तथा संभार गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐनको परिधि भित्र रही नगरपालिका आफैले बनाएको सडकको पटके सवारी कर नगरले लिन सक्ने व्यवस्था समेत भएकोले चालु आ.व. २०७५/०७६ देखि देहाय अनुसार पटके सवारी कर लिने ।

- बस, ट्रक, पिकअप, डेलिभरी भ्यान, जिप, कार, ट्रयाक्टर आदिमा कालो प्लेट रु.५० निजी रु.२५
- डोजर, जे.सि.बी. रु.१००
- यस नगरपालिकामा वार्षिक सवारी कर तिरेका सवारी साधन, मोटरसाईकल र सरकारी तथा कुटनैतिक नियोगका सवारी साधनमा उक्त कर लिईने छैन ।

## अनुसुचि ६

## विज्ञापन कर

**विज्ञापन कर** : ठेक्का प्रकृया द्धारा विज्ञापनकर उठाउनको लागि देहाय अनुसार वार्षिक दररेट निर्धारण गरी विज्ञापन कर लिने ।

| सि.नं. | विवरण | रु. |
|---|---|---|
| १ | साइनवोर्ड प्रति वर्गफिट | ५० |
| २ | होडिंगवोर्ड प्रति वर्गफिट | ७५ |
| ३ | भित्तेलेखन सटर पेन्टिंग प्रति वर्गफित | २० |
| ४ | ब्यानर प्रति वर्गफिट | १०० |
| ५ | पोलवोर्ड प्रति गोटा प्रति वर्ष | ५०० |
| ६ | डिजिटल वोर्ड प्रति वर्गफिट | १००० |

## अनुसुचि ७
## मनोरन्जन कर

मनोरन्जनको कार्यक्रम संचालन गर्ने संचालकसँग नगरपालिका र संचालक बिच आपसी समझदारीमा मनोरन्जन कर लिने ।

## अनुसुचि ८
## पार्किङ्ग शूल्क

क) नगरपालिका क्षेत्र भित्र प्रवेश गर्ने सवारी साधनहरुलाई व्यवस्थित पार्किङ्गको व्यवस्था गरेमा सो स्थानमा पार्क गरे वापत बस, ट्रक, आदिमा एक पटकमा रु.१० पार्किङ्ग शूल्क लिइने छ ।

ख) कुनै पनि सवारी साधनको निजी स्वामित्वमा रहेको स्थानमा पार्किङ्ग गरेको अवस्था वाहेक नगरपालिका क्षेत्र भित्रका सार्वजनिक स्थानहरु सडकको छेउ आदि स्थानमा १५ मिनेट भन्दा बढी समयको लागि पार्किङ्ग गरेमा प्रत्येक पटकमा रु. ५० पार्किङ्ग शूल्क लिने छ । यस्तो शूल्क प्रत्येक २४ घण्टामा थप लाग्दै जाने छ ।

## अनुसुचि ९
## सेवा शूल्क तथा सिफारिस दस्तूर

सिफारिस दस्तूर :- नगरपालिकाबाट उपलब्ध गराउने सिफारिसहरुको निम्न बमोजिम निवेदन फारम दस्तुर र सिफारिस दस्तूर लिने ।

| सि.नं. | विवरण | सिफारिस दस्तूर रु. |
|---|---|---|
| १ | नाता प्रमाणित | २०० |
| २ | नाम, थर आदि सच्याउने | ३०० |
| ३ | जग्गा, मोही नामसारी, जग्गा दर्ता, गुठी, रैकर आदि दर्ता | १००० |
| ४ | जग्गा खरिद विक्रीमा घर, बाटो प्रमाणित | २५० |
| ५ | कालोपत्रे मोटरबाटो भएको छ भनि गरिने सिफारिसमा | २५० |
| ६ | अन्य मोटरबाटो भएको छ भनि गरिने सिफारिसमा | २०० |
| ७ | आयश्रोत प्रमाणितको सिफारिसमा वार्षिक आयको हिसावले जग्गा मुल्यांकन सिफारिस | वार्षिक हुन आउने रकमको र जग्गा मुल्यांकनको ०.१ प्रतिशतका दरले |
| ८ | रुख काट्नको लागि सिफारिस दिंदा प्रति रुख | १०० |

**अन्य दस्तुर :-**

| | | | रु. | | |
|---|---|---|---|---|---|
| १ | मोही लगत कट्टा सिफारिस | १ कट्ठा सम्मको<br>१ कट्ठामाथिको प्रति कट्ठा | १५०<br>५० | | |
| २ | घर कायम सिफारिस | पक्की घर (प्रति वर्गफिट | ३ | | |
| | | कच्ची घर प्रति वर्ग फिट) | २ | | |
| ३ | सरजमिन सिफारिस दस्तुर | | ४०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | छात्रवृति सिफारिस | | निःशुल्क | | |
| ५ | विपन्न असहाय/ विद्यार्थी छात्रवृति सिफारिस | | निःशुल्क | | |
| ६ | अपाङ्गता भएको सिफारिस | | निःशुल्क | | |
| ७ | अस्थाइ बसोबास सिफारिस | | ३०० | | |
| ८ | स्थायी बसोबास सिफारिस | | ३०० | | |
| ९ | नागरिकता सिफारिस | वंशज | १०० | | |
| | | अंगिकृत | १५० | | |
| १० | विद्युत जडान सिफारिस | | २५० | | |
| ११ | धारा जडान सिफारिस | | २५० | | |
| १२ | जीवित रहेको सिफारिस | | निःशुल्क | | |
| १३ | दुबै नाम गरेको व्यक्ति एउटै हो भन्ने वा फरक जन्म मिति संशोधन सिफारिस | | १०० | | |
| १४ | व्यवसाय बन्द सिफारिस | | ३०० | | |
| १५ | व्यवसाय संचालन नभएको सिफारिस | | ३०० | | |
| १६ | व्यापार व्यवसाय नभएको सिफारिस | | ३०० | | |
| १७ | कोर्ट फि मिनाहा सिफारिस | | निःशुल्क | | |
| १८ | नाबालक परिचयपत्र सिफारिस | | ५० | | |
| १९ | चौपाया सम्बन्धी सिफारिस | | २०० | | |
| २० | व्यवसाय दर्ता सिफारिस | | ४०० | | |
| २१ | उद्योग ठाउँसारी सिफारिस | | ५०० | | |
| २२ | विद्यालय ठाउँसारी सिफारिस | | ५०० | | |
| २३ | आन्तरिक बसाइसराइ सिफारिस | | २०० | | |
| २४ | विद्यालय सञ्चालन स्वीकृत कक्षा वृद्धि / सिफारिस | | ५०० | | |
| २५ | व्यक्तिगत विवरण सिफारिस नवीकरण/ सिफारिस | | ३०० | | |
| २६ | जग्गा दर्ता सिफारिस | | ३०० | | |
| २७ | संरक्षक सिफारिस व्यक्तिगत | | २०० | | |
| २८ | संरक्षक सिफारिस संस्थागत | | २५० | | |
| २९ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | | ३०० | | |
| ३० | घर नं. कायम | | १५० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | संस्था दर्ता सिफारिस | | ५०० | | |
| ३२ | नि:शूल्क उपचार सिफारिस | | नि:शूल्क | | |
| ३३ | सशुल्क उपचारको सिफारिस | | ५० | | |
| ३४ | जग्गा धनीपूर्जा हराएको सिफारिस | | ३०० | | |
| ३५ | राहदानी सिफारिस | | २५० | | |
| ३६ | मिलापत्र | | ५०० | | |
| ३७ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | | ५०० | | |
| ३८ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | नि:शूल्क | | |
| ३९ | जन्ममिति प्रमाणित | | १०० | | |
| ४० | घर पाताल प्रमाणित | | २५० | | |
| ४१ | कागज/मञ्जुरिनामा प्रमाणित | | २५० | | |
| ४२ | हकवाला वा हकदार प्रमाणित | | ३०० | | |
| ४३ | जन्म दर्ता | ३५ दिनभित्र भए नि:शूल्क अन्यथा | ३० | | |
| ४४ | मृत्यु दर्ता | ३५ दिनभित्र भए नि:शूल्क अन्यथा | ३० | | |
| ४५ | बसाइसराइ जाने आउने दर्ता | ३५ दिनभित्र भए नि:शूल्क अन्यथा | ३० | | |
| ४६ | सम्बन्ध विच्छेद दर्ता | ३५ दिनभित्र भए नि:शूल्क अन्यथा | ३० | | |
| ४७ | विवाह दर्ता | ३५ दिनभित्र भए नि:शूल्क अन्यथा | ३० | | |
| ४८ | तमसुक प्रमाणित | | ५०० | | |
| ४९ | लेखापरीक्षण सुचिकृत | | ५०० | | |
| ५० | कृषि, पशु, तथा अन्य समुह दर्ता | | ५०० | | |
| ५१ | फर्म तथा व्यावसाय सूचीकृत | | १५० | | |

नोट :- १) योजनाहरु, छात्रवृत्ति, आर्थिक सहायता, निशूल्क स्वास्थ्य उपचार, दैवीप्रकोप र जेष्ठनागरिक भत्ता प्राप्तको लागि गरिने मन्जुरनामाको सिफारिस आदि सिफारिसमा सिफारिस दस्तुर छुट दिने ।

२) यस नगरपालिकाबाट गरिने सम्पती मूल्याङ्कन र आयश्रोत प्रमाणित सिफारिस वाहेक अन्य सिफारिसमा अंग्रेजीबाट सिफारिस दिँदा तोकिएको सिफारिस दस्तुरमा थप सत प्रतिशत दस्तुर लिने ।

३) यो ऐना व्यवस्था नभएका अन्य सिफारिसको हकमा यस ऐन सँग नबाझिने गरि कार्यपालिकाको निर्णय गरे बमोजिम हुनेछ ।

**विद्युत, टेलिफोन पोल कर :-** नेपाल विद्युत प्राधिकरण र नेपाल टेलिकमको नगरपालिका क्षेत्र भित्र विद्युत र टेलिफोन प्रसारणको लागि गडिएको केन्दीय प्रसारण पोललाई वार्षिक प्रति पोल रु. २,०००।- र स्थानीय प्रसारणलाई पोललाई वार्षिक रु.५००।-

यस नगरपालिकामा रहेका कुर्सी प्रतिगोटा रु.५।- भाडा लिई उपलब्ध गराउने, प्रोजेक्टर मात्र भाडामा लिएमा प्रतिदिन रु.३००।- को दरले उपलब्ध गराइनेछ ।

**घर निर्माण नक्सापास दस्तुर :-** घर निर्माण नक्सापास दस्तुर निम्न बमोजिम लिने ।

क) निवेदन फाराम, किताब रु.५००।- लिने ।

ख) ढलान गरी निर्माण गरिने घरलाई प्रति वर्गफिट रु.२ ढलान नगरी निर्माण गरिने घरलाई प्रति वर्गफिट रु.१।- र माटोको जडान घर निर्माण गर्नेलाई प्रति वर्गफिट रु०.५०।- नक्सापास दस्तुर लिने ।

ग) नक्सा नामसारी तथा नविकरण वापत प्रत्येक पटकको लागि रु.५००।- दस्तुर लिने ।

घ) साविक घरमा परिवर्तन नहुने गरी मर्मत गर्नु परेमा रु.१००।- दस्तुर लिने ।

ङ) नाक्सापास सम्बन्धी नाक्सापास प्रमाणपत्रको रु.२००।- र पास भएको नक्साको रु.३००।- दस्तुरलाई प्रतिलिपी दिने ।

**चारकिल्ला र दुई किल्ला प्रमाणित दस्तुर :-**चारकिल्ला प्रमाणित सिफारिस दिँदा रु.२००।- सेवा शूल्क लिने ।

घरबाटो प्रमाणित : २००।-

निवेदन दस्तुर :- तोकिएको बाहेक कुनै पनि निवेदनहरुमा निवेदन दस्तुर लिईने छैन ।

- अन्य छुटफुट शिर्षकमा रु. ५० नघटाई कर लिने ।